# आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली

मितिः १६ जुलाई २०२५

समयः १८:५० - १९:०० बजे

**मुख्य समाचार**

- प्रधानमंत्री नरेन्द्र मोदीले आगामी 18 जुलाईमा पश्चिम बंगालको दुर्गापुर बाट लगभग 6 हजार करोड़ रूपियाँका कैयन परियोजनाहरूको उद्धाटन र शिलान्यास गर्नु हुनेछ।

- देश भरिबाट विशेषगरि अवैध बंगलादेशी रोहिंग्याहरुलाई चिन्हित गरि वापस फर्काउने बीजेपी शासित राज्यहरुको कारबाहीलाई बंगाली विरुद्ध कारबाही भन्दै टीएमसीले कोलकत्तामा प्रतिवाद रैली निकाल्यो।

- बीजेपीले बिधानसभादेखि पश्चिम बंगाल चुनाव आयोग कार्यलय सम्म जुलुस निकाली राज्यमा अवैघ बंगलादेशी र रोहिंग्याहरुलाई चिन्हित गरेर भोटर लिस्टबाट नाम हटाउने माग गरेको छ।
- बंगलादेशमा प्रख्यात फिल्म निर्माता, संगितकार र साहित्यकार सत्यजीत रे को पैतृक घरलाई तोड्ने आदेश बंगलादेशको कार्यवाहक यूनुस सरकारले दिनु भएको छ ।

- जीटीएका मुख्य कार्यपाल अनित थापाले दाजीलिङ माउन्ट हर्मोन विधायलयमा वन विभाग द्वारा आयोजित वन महोत्सव कार्यक्रमलाई सम्बोधित गर्दै मानव जातिको संरक्षणका लागि वन संरक्षण गर्नु आवश्यक रहेको भन्नुभएको छ।

**प्रधानमंत्री बंगाल भ्रमण**

प्रधानमंत्री नरेन्द्र मोदीले आगामी 18 जुलाईमा पश्चिम बंगालको दुर्गापुर बाट झण्डै 6 हजार करोड़ रूपियाँका कैयन परियोजनाहरूको उद्धाटन र शिलान्यास गर्नु हुनेछ।जसमा बांकुड़ा-पुरुलिया ग्यास वितरण परियोजना, दुर्गापुर- कोलकात्ता ग्यासपाइपलाइन परियोजना, रघुनापुर तापविद्युत प्रकल्प एकांश आदिको उद्धाटन सामेल छ। एक दिने यस पश्चिम बंगाल भ्रमणको बेला श्री मोदीले दुर्गापुरको नेहरू स्टेडियममा भारतीय जनता पार्टीको एक जनसभालाई सम्बोधित गर्नु हुनेछ। यसका साथै आउँदो वर्ष 2026 को राज्य विधानसभा चुनावको तरखर शुरू हुनेछ। टिएमसीले पनि 21 जुलाईको दिन शहीद दिवसमा विशाल रैली गर्नेछ जसबाट मुख्यमंत्री ममता बनर्जीले आगामी विधान सभा चुनावको शंखनाद गर्नु हुनेछ।

**टि.एम.सी कलकता बिरोध जुलुस**

मुख्यमंत्री ममता ब्यनर्जीको अगुवाईमा कोलकाताको कलेज स्क्वायर देखि धर्मतल्ला सम्म त्रृणमूल कांग्रेसले आज एक प्रतिवाद जुलूस निकाल्यो। देशभरी विशेषगरि भारतीय जनता पार्टी शासित राज्यहरूबाट अबैध बंगलादेशी र रोहिंगिया मुसलमानहरूलाई चिन्हित गरि उनीहरूको देश फिर्ता पठाउने कारवाहीलाई सुश्री ब्यानर्जीले बंगाली विरोधी भन्दै यो प्रतिवाद जुलुसको नेतृत्व गर्नु भएको हो। जुलूस पछि जनतालाई संबोधित गर्दै उहाँले आरोप लगाउनु भयो कि भाजपा शासित राज्यहरूमा रोहिंगिया र बांग्लादेशी भन्दै प्रवासी बंगालीहरूलाई प्रताड़ित गर्दै फर्काइन्दैछ। उहाँले केन्द्र सरकारलाई चेतावनी दिदै भन्नु भयो - यदि केन्द्र सरकार र भाजपा शासित राज्यहरूले प्रवासी बंगालीहरूलाई रोंहिंगिया र बंगलादेशी भन्दै प्रताड़ित गर्छ भने पश्चिम बंगालको आगामी विधानसभा चुनावमा भाजपाको राजनीतिक डिटेन्सन हुनेछ। अर्कोतीर विधान सभामा बिपक्षी नेता तथा भाजपा विधायक सुभेन्दु अधिकारीले विधान सभा देखि राज्य चुनाव आयोगको कार्यालय सम्म एउटा जुलुसको नेतृत्व गर्नु भयो जसमा पश्चिम बंगालमा अबैध बांग्लादेशी र रोहिंगियाहरूलाई चिन्हित गर्ने तथा मतदाता सूचिबाट उनिहरूको नाम हटाउने माग गर्नु भयो। श्री अधिकारीले भन्नु भयो देशको कुनै पनि ठाउँमा खाँटी भारतीय बंगालीहरूसित कुनै भेदभाव भएको छैन। तर अबैध बांग्लादेशी

र रोहिंगिया बिरूद्ध कारवाही हुदा मुख्यमंत्री ममता ब्यानर्जीलाई किन कष्ट भइरहेकोछ। उहाँले यो पनि भन्नु भयो पश्चिम बंगालमा न त बंगाली महिला सुरक्षित छन् न त बंगाली हिन्दु। बंगालमा कानून व्यवस्था ध्वस्त भइ सकेको तथा एक विशेष समूदायको रगरगी बढेको भन्नु भयो। उहाँले अझ भन्नु भयो सुश्री ममता ब्यानर्जीलाई बांगाली अस्मित र गौरव सित कुनै सरोकार छैन। ममता ब्यानर्जीलाई केवल समूदाय विशेष र अबैध अनुप्रवेशकारीहरूको भोटको सुर्ता छ।

**एसएससीभर्ती**

पश्चिम बंगाल स्कूल सेवा आयोग (एसएससी) को नयाँ भर्ती प्रक्रियालाई कानुनी वैधता दिँदै, कलकत्ता उच्च अदालतले आज सबै याचिकाहरू खारेज गर्यो।, न्यायाधीश सौमेन सेन र न्यायाधीश स्मिता दासको डिभिजन बेन्चले फैसला सुनाउँदै स्पष्ट रूपमा भनेको छ एसएससी 2025 को नयाँ अधिसूचना र नियमहरूमा कुनै हस्तक्षेप गर्न आवश्यक छैन। यो निर्णय पछि, लामो समयदेखि अड्किएको 26 हजार पदहरूको नियुक्ति प्रक्रियामा रहेको कानुनी गतिरोध समाप्त भएको छ।

**बांग्लादेश - सत्यजीत रे पैतृक घर**

बंगलादेशमा प्रख्यात फिल्म निर्माता, संगितकार र साहित्यकार सत्यजीत रे को पैतृक घरलाई तोड्ने आदेश बंगलादेशको कार्यवाहक यूनुस सरकारले दिनु भएको छ । प्राप्त जानकारी अनुसार भारत सरकारले यसलाई न तोड्ने र बंगला साहित्यको एउटा धरोहरको रूपमा विकसित गर्ने र यसका लागि आर्थिक सहयोग दिने आग्रह गरे तापनि यसलाई तोड्ने काम शुरू गरिएकोछ। स्मरण रहोस यो स्थान बंगाल साहित्यको धरोहर हो । यहाँ बंगला भाषा, साहित्य र संस्कृतिकका मूर्धन्य तीन पुस्ताले बास गरेको थियो। बंग्लादेश सरकारको यस कारवाही प्रति भारत सरकारले गहिरो चिंता व्यक्त गरेकोछ। बंगला भाषाको प्रसिद्ध बाल साहित्यकार र प्रकाशक उपेंद्रकिशोर रे को यो घर हो, जो बांग्लादेशको मैमनसिंह शहरमा अवस्थित छ। उपेंद्र किशोर, बंगला भाषाका प्रख्यात कवि सुकुमार रे को पिता र महान फिल्म निर्माता सत्यजीत रे का बाजे थिए।भारत सरकारले हिजो बांग्लादेश सरकार सित यस घरलाई तोड़ने निर्णयमाथि पुनर्विचार गर्ने अपील गरेको थियो। भारतको विदेश मंत्रालयले बांग्लादेश सरकारलाई भनेको थियो - यो घर बांग्ला साहित्य र सांस्कृतिकको पुनर्जागरण सित जुड़ेको एक ऐतिहासिक स्थल हो। यसको जीर्णोद्धार गर्न सकिन्छ। यो स्थान दुवै देशको साझा विरासत हो र यसलाई एउटा साहित्य संग्रहालयमा परिवर्तित गर्न सकिन्छ। पश्चिम बंगालकी मुख्यमंत्री ममता बनर्जीले पनि सो ऐतिहासिक घर भत्काउने बंग्लादेश सरकारको निर्णय प्रति गहिरो चिंता व्यक्त गर्नु भएको छ। उहाँले भन्नु भएको छ – बंगाली साहित्य सित जुडेको एस्तो ऐतिहासिक स्मृतिलाई ध्वस्त गर्नु हृदय विदारक हो। उहाँले बांग्लादेश र भारत सरकार सित यस ऐतिहासिक स्थलको संरक्षण गर्ने आह्वान गर्नु भएकोछ। बंग्लादेशको सरकारले यसलाई तोडेर शिशु अकादमी खोल्ने योजना रहेको बताएको छ। बंग्लादेशमा शेखहसीनालाई अपदस्त गरि बनाइएको अन्तरिम युनुस सरकारको शासनमा भारत र हिन्दु विरोधी अभियान तेजगतिमा चलि राखेकोछ। हालै कवि गुरू रविन्द्र नाथ टैगोरको पैतृक घरमाथि पनि हमला गरि त्यसलाई तोड्ने काम गरियो

**अनित थापा वन महोत्सव**

‘वन बाँचे मात्र मानिस बाँच्ने’ जीटीएका मुख्य कार्यपाल अनित थापाले बताउनु भएको छ ।आज दार्जीलिङ माउन्ट हर्मोन विद्यालयमा वन विभागले आयोजन गरेको वन महोत्सव अन्तर्गत जनचेतना कार्यक्रमलाई सम्बोधन गर्दै थापाले मानव जातिका संरक्षणका लागि वन संरक्षण अत्यावश्यक रहेको बताउनु भयो ।उहाँ यस कार्यक्रममा प्रमुख अतिथिका रूपमा उपस्थित हुनुहुन्थ्यो । श्री थापाले भन्नुभयो - वन बाँच्यो भने हामी बाँच्नेछौँ।त्यसैले वनको संरक्षण हाम्रो अस्तित्वको संरक्षण गर्नु सरह हो।"उहाँले वन विभागले आयोजना गरेको यस कार्यक्रम प्रशंसनीय रहेको बताउनु भयो । साथै म र मेरो भन्ने भावनाले होइन तर हामी भन्ने भावना लिएर सामूहिक भावले कार्य गर्नुपर्ने बताउनुभयो ।

**डा. लाडुप भुटियाको शव फेला**

हिजो सिलगढीको राजफाँप्री क्षेत्रस्थित बैकुण्ठपुर जंगलबाट एक अज्ञात व्यक्तिको कुहिएको शव फेला परेको थियो। घटनापछि पुरै क्षेत्रमा सनसनी फैलिएको थियो।स्थानीय स्रोतका अनुसार, मङ्गलबार दिउँसो केही राहदानीले जंगलभित्र एक कुहिएको शव देखेपछि तुरुन्तै भक्तिनगर थानामा खबर गरेका थिए।खबर पाएलगत्तै भक्तिनगर पुलिस घटनास्थलमा पुगेको

थियो।पुलिसले शवलाई उद्धार गरी पोस्टमार्टमको लागि सिलगढी जिल्ला अस्पतालमा पठाएको थियो।पुलिस स्रोतका अनुसार, शव करिब तीनदेखि चार दिन पुरानो भएको प्रारम्भिक अनुमान गरिएको थियो। शवमा गम्भीर सडन देखिएको थियो र मृतकको पहिचान त्यतिबेलासम्म स्थापित हुन सकेको थिएन।यद्यपि पछिल्लो पहिचान अनुसार, शव हालै हराएका डा. ल्हेण्डुप भुटियाको भएको पुष्टि भएको छ। उनी २०१९ मा पश्चिम बंगाल सरकारअन्तर्गतको भेटेरिनरी सेवामा आवद्ध भएका थिए।

**सानु लामा शोकसभा**

पद्मश्री सम्मानले सम्मानित साहित्यकार सानु लामाको निधनमा सालबारीमा शोकसभा सम्पन्न भएको छ। उक्त शोक-सभा सालबारीको शब्द समयको आयोजनामा सम्पन्न भएको छ। शोक सभामा वरिष्ठ साहित्यकारहरु अनि स्रष्टाहरूको उपस्थिति थियो।

**मौसम**

बंगालबाट झारखण्ड तर्फ बढ़ेको हावाको निम्नचापको प्रभावका कारण आज बिहान कोलकाता र वरपरका क्षेत्रहरुमा भारी वर्षा भयो। अलिपुर मौसम विभाग अनुसार यो निम्नचाप बिस्तारैसित कमजोर हुँदै गइरहेको छ तर यसको प्रभाव पश्चिम बंगालका मैदानी क्षेत्रहरुमा अझै पनि बनेको छ। विभाग अनुसार आज उत्तर बंगालका सबै जिल्लाहरूमा मेघगर्जन सहित हल्कादेखि मध्यम वर्षा हुने आशंका छ ।यसैबीच विभागले दार्जिलिङ, कालिम्पोङ, अलिपुरद्वार, जलपाईगुडी र उत्तर दिनाजपुर जिल्लाहरूमा भारी वर्षाको चेतावनी दिइएको छ भने भोली र शुक्रबार वर्षा कम हुने सम्भावना छ।

****** ० ******